**कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड**

**Kalika Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**(साबिकको कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडले जनसेवी लघुवित्त वित्तीय संस्थालाई गाभेर बनेको वित्तीय संस्था )**

**Central Office: Waling-8, Syangja Ph: 063-440555**

**Pokhara Office : Buddhachowk, Pokhara, Ph : 061-431414**

# Unaudited Financial Results (Quarterly)

## As at the end of 4th Quarter (2077/03/31) of the fiscal year 2076/77

Rs. In '000

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **2,776,081** | **2,879,792** | **2,047,030** |
| 1.1 | Paid Up Capital | 252,330 | 252,330 | 108,000 |
| 1.2 | Reserve & surplus | 146,917 | 146,891 | 67,710 |
| 1.3 | Debenture & Bond | | | |
| 1.4 | Borrowings | 1,146,140 | 1,241,223 | 1,027,576 |
| **1.5** | **Deposits (a+b)** | **1,067,907** | **1,058,370** | **726,632** |
| | a. Member | 1,067,907 | 1,058,370 | 726,632 |
| | b. Public | | | |
| 1.6 | Income Tax Liability | 2,087 | 1,759 | 8,894 |
| 1.7 | Other Liability | 160,700 | 179,218 | 108,219 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,776,081** | **2,879,792** | **2,047,030** |
| 2.1 | Cash & Bank Balance | 20,641 | 10,003 | 13,986 |
| 2.2 | Money at Call and Short Notice | 250,666 | 321,242 | 153,486 |
| 2.3 | Investments | 2,000 | 2,000 | 1,000 |
| 2.4 | Loans & Advances(f) | **2,410,090** | **2,425,583** | **1,813,517** |
| | f.Others | 2,410,090 | 2,425,583 | 1,813,517 |
| 2.5 | Fixed Assets | 17,379 | 22,395 | 16,992 |
| 2.6 | Non-Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 75,306 | 98,569 | 48,049 |
| **3** | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Last Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 349823 | 247840 | 268602 |
| 3.2 | Interest Expense | 186535 | 137291 | 133927 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **163288** | **110549** | **134676** |
| 3.3 | Fees, Commission and Discount | 0 | 0 | |
| 3.4 | Other Operating Income | 34546 | 32506 | 50419 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | 0 | 0 | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **197834** | **143056** | **185095** |
| 3.6 | Staff Expenses | 117797 | 79984 | 98420 |
| 3.7 | Other Operating Expenses | 46671 | 31161 | 50109 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **33366** | **31911** | **36565** |
| 3.8 | Provision for Possible Losses | 62679 | 38269 | 24719 |
| | **D. Operating Profit (C - 3.8)** | **-29313** | **-6358** | **11846** |
| 3.9 | Non-Operating Income/ Expenses (Net) | 0 | 0 | 0 |
| 3.10 | Write Back of Provision for Possible Loss | 37041 | 12874 | 20764 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **7728** | **6516** | **32610** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | 0 | 0 | 0 |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **7728** | **6516** | **32610** |
| 3.12 | Provision for Staff Bonus | 773 | 652 | 2965 |
| 3.13 | Provision for Tax | 2087 | 1759 | 8894 |
| | **G. Net Profit/ Loss (F-3.12-3.13)** | **4869** | **4105** | **20752** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| **4.1** | **Capital Fund to RWA** | **14.11%** | **13.65%** | **8.49%** |
| **4.2** | **Non Performing Loan (NPL) To Total Loan** | **2.98%** | **3.06%** | **1.60%** |
| **4.3** | **Total Loan Loss Provision to Total NPL** | **97.21%** | **111.10%** | **107.58%** |
| **4.4** | **Cost of Funds** | **9.83%** | **9.43%** | **9.41%** |
| **4.5** | **CD Ratio (Calculated as per NRB Direction)** | **225.68%** | **229.18%** | **249.58%** |

**Note I** : If statutory/regulatory authority notify any remarks to change the unaudited statement could be changed accordingly.
II : Comparative Figures has been re-arrange where ever necessary.

### Interest Rate

| Deposit: 6% - 9% | Loan & Advance 14% - 18% |
|---|---|

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली,**

**२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

# आ.व. २०७६/०७७ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण:**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यस वित्तीय संस्थाको चौथो त्रयमास (२०७७ असार मसान्त) सम्मको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पतिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ७.८२ (वार्षिक) | १०५.५० | १४५.६१ | ११००.१८ | ७.९१ |
| (साविकको जनसेवी लघुवित्त वित्तीय संस्थाको २०७६ पुस २३ गते सम्मको खुद नाफा रु १,४८,६६,१६१.०० सिधै वासलातमा देखाईएकोले यस बर्षको प्रति शेयर आम्दानी गणना गर्दा उक्त नाफालाई समेत समायोजन गरी हिसाव गरिएको ।) | | | | |

२. **व्यवस्थापकीय विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :** हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण भएको बन्दाबन्दीका कारण वचत संकलन तथा कर्जा लगानी तथा असुलीमा परेको असरले संस्थाको आम्दानीमा प्रत्क्षय असर पर्न गएको छ तथापी साविकको जनसेवी लघुवित्त वित्तीय संस्थालाई गाभेर एकिकृत कारोवार पश्चात कारोबारमा देखिएको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा सापेक्षिक रुपमा बृद्धि भएको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** साविकको जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई यस कालिका लघुवित्त वित्तीय संस्थाले गाभे पश्चात २८ जिल्लाहरुमा ९६ शाखा कार्यालयहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आईरहेको र आगामी दिनहरुमा देशका सम्पूर्ण जिल्लाहरुमा शाखा विस्तार गरी लघुवित्त सेवा प्रदान गर्ने लक्ष्यसाथ संस्था अगाडी बढिरहेको छ । ब्यवस्थापनको तर्फबाट मुख्य रणनीतिको रुपमा संस्थागत शुसासन, दिगो से वा सहितको गरिबी न्युनिकरण, सदस्यमैत्री कार्यक्रमहरु रहेका छन । साथै संस्थाको उद्देश्य सेवा प्रवाह सँगसँगै नाफा आर्जन गर्नु भएकोले संस्थाका सम्पूर्ण पक्षहरुलाई सक्षम र सवल बनाइ वार्षिक रुपमा लगानीकर्ताहरुलाई १५ देखि २० प्रतिशत सम्म लाभांस वितरण गर्न सक्ने गरी कार्ययोजना तर्जुमा गरी कार्यान्यवनमा ल्याईने छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण २०७६ चैत्र ११ पश्चात वित्तीय संस्थाको व्यवसायिक वृद्धिमा भएको असरका कारण केही समस्या देखिन सक्ने । कोरोना (कोभिड-१९) का कारण विश्वव्यापी रुपमा देखा परेको आर्थिक मन्दीलाई मध्य नजर गरी दिर्घकालीन रणनीतिका साथ नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायको मार्गदर्शन अनुसार छुट्टै कार्ययोजना तयार गरी कारोवार गर्ने नीति लिइएको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** कोरोना (कोभिड-१९)का कारण भएको बन्दाबन्दीले वचत संकलन, कर्जा लगानी तथा असुलीमा परेको प्रभावले समग्र वित्तीय संस्थामा परेको असरलाई मध्यनजर गर्दै नियमक निकायको मार्गदर्शन अनुसार छुट्टै व्यवसायिक रणनीति तर्जुमा गरी कार्यान्वयन गरी संस्थामा दिर्घकालीन असर पर्न नदिईने लगायत दुई वित्तीय संस्थाहरु एक आपसमा गाभिंदा समुह सदस्यहरुमा कहीं कतै दोहोरोपना तथा अन्योलता देखिएता पनि यसप्रति समग्र ब्यवस्थापन र संस्था चनाखो भई आजका मितिसम्म कुनै पनि गम्भीर समस्याहरुको असर संस्थामा नपरेको ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण:**

क) यस अवधिसम्ममा वित्तीय संस्थाले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

ख) वत्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**

क) साविकको जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेड र यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६ जेठ ५ गते सम्पन्न मर्जर सम्बन्धी प्रारम्भिक सम्झौतापत्रमा हस्ताक्षर भएलगतै यस वित्तीय संस्थाको शेयर कारोबार बन्द गरिएकोमा हाल नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट अन्तिम स्विकृती प्राप्त गरी मिति २०७६ पुस २३ गतेबाट एकिकृत कारोबार सञ्चालन भए पश्चात शेयर कारोवारका लागी नेपाल स्टक एक्सचेन्जमा निवेदन दर्ता गराई मिति २०७६ फागुन ६ गतेबाट दोश्रो बजारमा कारोवार खुल्ला भएको थियो । तत्पश्चात साविकको जनसेवी लघुवित्त वित्तीय संस्था लि.तर्फको सर्वसाधारणमा जारी गरीएको शेयर मर्जर पश्चात कालिका लघुवित्त वित्तीय संस्थाको नामबाट सूचीकृत भइ कारोवार अगाडी बढे संगै उत्साहजनक रुपमा शेयर कारोवार भएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट www.nepalstock.com अनुसार यस त्रैमासको अवधिमा यस वित्तीय संस्थाको शेयर मुल्य तथा कारोबार निम्नानुसार रहेको थियो ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.८२५ | रु.६६६ | रु.८२५ | १४ | १४३३ |

५. **समस्या तथा चुनौती:**

क) विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण भएको बन्दाबन्दी ।

ख) मर्जर पश्चात दुवै संस्थाका नीति नियम तथा विनियमहरु समायोजन तथा कार्यान्वयनमा चुनौती ।

ग) देशको अस्थिर आर्थिक तथा राजनैतिक अवस्था एबं फितलो शान्ति सुरक्षा ।

घ) लघुवित्तको कारोबार गर्ने संस्थाहरुलाई आयकरमा कुनै छुट, प्रोत्साहन नदिई अन्य बाणिज्य बैंकहरु सरह करको दायरामा राख्दा आर्जित मूनाफाबाट कार्यक्रम बिस्तार गरी थप बिपन्न परिवारलाई सेवा पुऱ्याउन गाह्रो परिरहेको ।

ङ) वित्तीय बजारमा देखिएको तरलता अभावको कारण कार्यक्रम विस्तारको लागि समस्या पर्न सक्ने साथ अप्रत्याशित रुपमा आइपर्ने प्राकृतिक दैबि बिपत्ती ।

च) विश्वव्यपी रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारणले उत्पन्न माहामारी तथा बन्दाबन्दीले सवै भन्दा ठुलो असर पर्न गएको ।

६. **संस्थागत सुशासन:**

क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदिको नियमसंगत रुपमा पालना गरिएको छ ।

ख) संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन बिनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ ।

ग) संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पति शुद्धिकरण समिति र कर्मचारी सेवा सुबिधा समिति गठन गरी कार्यन्वयनमा ल्याईएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।